आकाशवाणी

August 9th, 2024 Friday

प्रमुख समाचार:

1. संसदका दुवै सदन आज अनिश्चितकालका लागि स्थगित
2. भाजपा सांसदहरूद्वारा अनुसूचित जाति र जनजातिहरूको लागि आरक्षण सम्बन्धमा प्रधानमन्त्री श्री नरेन्द्र मोदीलाई ज्ञापनपत्र पेश
3. भारत विश्वमा जीवन्त लोकतन्त्रको उदाहरण बनेको राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुको भनाइ
4. हर घर तिरंगा अभियान आजदेखि सुरु
5. अनि पेरिस ओलम्पिकमा आज भारतीय खेलाडीहरूले कुस्ती, एथलेटिक्स र गल्फमा चुनौती प्रस्तुत गर्दै

## 1. Parliament Sine Die

संसदको दुवै सदन आज अनिश्चितकालका लागि स्थगित भएको छ। संसदको बजेट अधिवेशन जुलाई २२ बाट सुरु भई सोमबार सकिएको थियो। लोकसभा अध्यक्ष श्री ओम बिरलाका अनुसार यस सत्र 115 घण्टा चलेको थियो भने 15 बैठकहरू भएका थिए। उहाँले अधिवेशनमा १२ वटा विधेयक पेश भएको र तीमध्ये चार लोकसभाले पारित गरेको बताउनुभयो। यसमा वित्त विधेयक, विनियोजन विधेयक, जम्मू कश्मीर विनियोजन विधेयक र भारतीय विमान बिल समावेश छ। त्यसैगरि राज्यसभाका अध्यक्ष श्री जगदीप धनखरले संसद अधिवेशनमा ९० घण्टा सदन चलेको बताउनुभयो। उहाँले आगामी अधिवेशन सदनका प्रत्येक सदस्य र सिंगो देशका लागि लाभदायक हुने बताउनुभयो।

## 2. PM BJP SC ST - Meet

अनुसूचित जाति र अनुसूचित जनजाति समुदायका भाजपा सांसदहरूले आज संसद भवनमा प्रधानमन्त्री श्री नरेन्द्र मोदीलाई भेटेका छन्। यी सांसदहरूले संयुक्त रूपमा अनुसूचित जाति र अनुसूचित जनजातिको लागि आरक्षणमा क्रीमी लेयर प्रणालीमा सर्वोच्च अदालतको सुझावहरूको सम्बन्धमा ज्ञापनपत्र बुझाएका थिए। बैठकपछि सञ्चारमाध्यमसँग कुरा गर्दै भाजपा सांसद श्री भोला सिंहले यो निर्णय कार्यान्वयन नहोस् भन्ने आफ्नो माग रहेको बताउनुभयो। उहाँले आफूहरूलाई प्रधानमन्त्रीले यो सर्वोच्चको सुझाव मात्रै हो भन्ने आश्वासन दिएको बताउनुभयो।

## 3. LS Jaishankar Russia

विदेशमन्त्री डा. एस जयशंकरले रुसी सेनामा हालसम्म ९१ जना भारतीय नागरिक भर्ती भएको जानकारी प्राप्त भएको बताउनुभएको छ। लोकसभामा प्रश्नोत्तरको समयमा एक पूरक प्रश्नको जवाफमा डा. जयशंकरले ती मध्ये 14 जना मुक्त भएका र दुर्भाग्यवश आठ जनाको मृत्यु भएको बताउनुभयो। उहाँले रुसी सेनाबाट ६९ भारतीय नागरिक रिहाइको पर्खाइमा रहेको बताउनुभयो।

## 4. LS Waqf Joint Committee

लोकसभाले आज वक्फ संशोधन विधेयक 2024 को समीक्षा सम्बन्धी सदनको संयुक्त समितिमा आफ्ना 21 सदस्यहरूलाई मनोनित गर्ने प्रस्ताव पारित गरेको छ। राज्यसभाले आफ्ना १० सदस्यलाई संयुक्त संसदीय समितिमा समावेश गर्ने प्रस्ताव पारित गरेको छ । संसदीय र अल्पसंख्यक मामिला मन्त्री श्री किरण रिजिजुले लोकसभामा प्रस्ताव पेश गर्दै समितिले लोकसभाको अर्को सत्रको पहिलो हप्ताको अन्तिम दिन आफ्नो प्रतिवेदन पेश गर्ने बताउनुभयो।

## 5. LS – Vayuyan Vidheyek

लोकसभाले आज भारतीय विमान विधेयक २०२४ पारित गरेको छ। विधेयकले केन्द्रीय सरकारलाई कुनै पनि विमान वा विमानको वर्गको डिजाइन, निर्माण, मर्मत इत्यादि सम्बन्धमा नियमहरू बनाउने अधिकार दिन्छ। यस विधेयकको उद्देश्य कुनै पनि हवाई दुर्घटना वा घटनाको छानबिनका लागि सरकारलाई नियम बनाउन सक्ने अधिकार प्रदान गर्नु हो। सदनमा विधेयकमाथिको बहसको जवाफ दिँदै केन्द्रीय नागरिक उड्डयन मन्त्री श्री किंजरापु राममोहन नायडूले नरेन्द्र मोदी सरकारको नेतृत्वमा विगत १० वर्षमा नागरिक उड्डयनले अकल्पनीय वृद्धि देखेको बताउनुभयो। भारत हाल विश्वको तेस्रो ठूलो हवाई अर्थतन्त्र हो।

## 6. Prez NZ

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले आज अकल्याण्डमा आयोजित एक स्वागत समारोहमा भारतीय प्रवासीहरूलाई सम्बोधन गर्नुभयो। यस अवसरमा राष्ट्रपतिले भारत विश्वमा जीवन्त लोकतन्त्रको उदाहरण बनेको छ र छिट्टै तेस्रो ठूलो अर्थतन्त्र बन्न लागेको बताउनुभयो । राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु दुई दिने राजकीय भ्रमणमा न्युजिल्यान्ड पुग्नुभएको हो। हिजो राष्ट्रपतिले न्युजिल्यान्डसँगको कूटनीतिक सम्बन्धलाई थप मजबुत बनाउन अकल्याण्डमा भारतीय वाणिज्य दूतावास खोलिने घोषणा गर्नुभएको थियो ।

## 7. FM Maldives Visit

विदेशमन्त्री डा. एस जयशंकर आजदेखि माल्दिभ्सको तीन दिने औपचारिक भ्रमणमा जानु हुँदैछ। यस भ्रमणको उद्देश्य दुई देशबीचको घनिष्ठ सम्बन्धलाई सुदृढ बनाउनु र द्विपक्षीय सम्बन्धलाई अझ प्रगाढ बनाउन नयाँ अवसरहरूको खोजी गर्नु रहेको छ। यस वर्षको जूनमा नयाँ सरकारको सपथ ग्रहण समारोहमा माल्दिभ्सका राष्ट्रपति श्री मोहम्मद मुइज्जुको भारत भ्रमणपछि यो भ्रमण हुन लागेको हो।

## 8. Bangladesh - Border Committee

केन्द्र सरकारले भारत–बंगलादेश सीमाको वर्तमान अवस्थाको अनुगमन गर्न समिति गठन गरेको छ । यस समितिले भारतीय नागरिक र बंगलादेशमा अल्पसंख्यक समुदायका मानिसहरूको सुरक्षा सुनिश्चित गर्न बंगलादेशका अधिकारीहरूसँग सम्पर्क गर्नेछ। यस समितिको अध्यक्षमा सीमा सुरक्षा बल पूर्वी कमाण्डका अतिरिक्त महानिर्देशक रहनेछन् । यस समितिमा दक्षिण बङ्गालको सीमा मुख्यालयका महानिरीक्षक र त्रिपुरा सीमा सुरक्षा बल र भारतीय भूमि बन्दरगाह प्राधिकरणका योजना तथा विकास सचिव सदस्य रहनेछन् ।

9. Delhi – Book Fair

राजधानीको भरत मण्डपममा चलिरहेको 28 औं दिल्ली पुस्तक मेलाले ठूलो संख्यामा पुस्तक प्रेमीहरूलाई आकर्षित गरिरहेको छ। पाँच दिनसम्म चल्ने पुस्तक मेलाको विषय 'भारतीय पुस्तकहरूको विश्वव्यापी प्रभाव' रहेको छ। यसपटक बालबालिका र युवालाई ध्यानमा राखेर पुस्तक मेला आयोजना गरिएको हाम्रा संवाददाताले जनाएका छन्। दिल्ली पुस्तक मेला आइतबारसम्म चल्नेछ जसमा पुस्तक प्रेमीहरूले बिहान १० बजेदेखि बेलुका ७ बजेसम्म मेलामा निःशुल्क प्रवेश गर्न सक्नेछन्।

10. Jammu Kashmir CEC

मुख्य निर्वाचन आयुक्त श्री राजीव कुमारले निर्वाचन आयोग जम्मु र कश्मीरमा चाँडो भन्दा चाँडो चुनाव गराउन प्रतिबद्ध रहेको बताउनुभएको छ। जम्मुमा पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै श्री कुमारले कुनै पनि आन्तरिक वा बाह्य शक्तिलाई चुनावी प्रक्रियामा बाधा पुऱ्याउने अनुमति दिइने छैन भन्नुभयो।

11. Har Ghar Tiranga

देशभक्तिको भावना जगाउन आजदेखि अगस्त १५ सम्म देशका घर–घरमा तिरंगा फहराइनेछ । संस्कृति तथा पर्यटनमन्त्री श्री गजेन्द्र सिंह शेखावतले घरघरमा तिरंगा फहराउन र तिरंगासँग सेल्फी खिचेर तिरंगा वेबसाइटमा अपलोड गर्न अनुरोध गर्नुभएको छ। यस अवधिमा देशभर दुई सयभन्दा बढी साँस्कृतिक कार्यक्रम हुने र अगस्त १३ मा संसदका सदस्य तथा मन्त्रीहरुले तिरंगा बाइक ऱ्याली निकाल्ने बताइएको छ। हर घर तिरंगा अभियान सन् २०२२ मा सुरु भएको थियो।

12. Olympic News

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु र प्रधानमन्त्री श्री नरेन्द्र मोदीले ज्याभलिन थ्रोका एथलिट नीरज चोपडालाई पेरिस ओलम्पिक २०२४ मा रजत पदक जितेकोमा बधाई दिनुभएको छ। पेरिस ओलम्पिकमा आज भारतीय खेलाडीहरूले कुस्ती, एथलेटिक्स र गल्फमा चुनौती प्रस्तुत गर्नेछन्। अमन सेहरावतले पुरुष ५७ केजी फ्रिस्टाइल कुस्ती प्रतियोगितामा कांस्य पदकका लागि पोर्टो रिकोका डारियन क्रुजसँग प्रतिस्पर्धा गर्नेछन्। पदक तालिकामा भारतले अहिलेसम्म एक रजत, चार काँस्य गरी जम्मा पाँच पदक हात पारेको छ।

**प्रमुख समाचार पुन: एकपटक**

1. संसदका दुवै सदन आज अनिश्चितकालका लागि स्थगित
2. भाजपा सांसदहरूद्वारा अनुसूचित जाति र जनजातिहरूको लागि आरक्षण सम्बन्धमा प्रधानमन्त्री श्री नरेन्द्र मोदीलाई ज्ञापनपत्र पेश
3. भारत विश्वमा जीवन्त लोकतन्त्रको उदाहरण बनेको राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुको भनाइ
4. हर घर तिरंगा अभियान आजदेखि सुरु
5. अनि पेरिस ओलम्पिकमा आज भारतीय खेलाडीहरूले कुस्ती, एथलेटिक्स र गल्फमा चुनौती प्रस्तुत गर्दै

**आकाशवाणीबाट सुन्दै हुनुहुन्थ्यो समाचार, पूरा भयो।**